जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ३८ २०८० साल भदौ १६ गते शनिबार (2 Sep. 2023 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : मिसन २०८४' मा होमियो माओवादी,. ३ पृष्ठमा : बालसुधार गृहको घटना. ३ पृष्ठमा : नोवेल पुरस्कारको भोजमा रुस,

## गौंबंश संरक्षणको माँग गर्दै राजविराजमा खबरदारी ऱ्याली

**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**

वैदिक संस्कृति समाज सप्तरीले गौंबंशको संरक्षण तथा गौं हत्या बन्दको माँग गर्दै राजविराजमा शुक्रबार खबरदारी ऱ्यालीसहित प्रदर्शन गरिएको छ ।

स्थानीय शिव मन्दिरको प्राङ्गणबाट निकालिएको खबरदारी ऱ्यालीमा गौं हत्या बन्द गर, गौंबंश संरक्षण गर, हिन्दु राष्ट्र कायम गर, वैदिक गणतन्त्र घोषणा गर लगायतको नारा लगाउदै नगरको विभिन्न प्रदर्शन गरिएको थियो ।

भोजभतेर गरेर गौं मांस खाने घटनाका नाइकेहरुलाई अविलम्ब कानुनी कठघरामा ल्याई कानुन बमोजिम कारवाहीको माँग गरेको गर्दै बैदिक सनातन हिन्दु धर्म र संस्कृति माथीको आक्रमण तत्काल रोक्न माग समेत गरिएको छ ।

ऱ्याली पश्चात् शिवमन्दिरमा आयोजना गरिएको कोण सभामा समतामूलक समाज निर्माण महाअभियानका केन्द्रिय उपाध्यक्ष सुनिता साहले राज्यमा खुलेआम यस्ता अपराध हुँदा सरकार मौन बस्नु भनेको निरिह र लाचारीपन भएको आरोप लगाएकी छिन । उनले ठाउँ ठाउँमा भएको गौं हत्या, गौवंशको भक्षण गरी भोजन गरी सामाजिक संजालमा भिडियो सार्वजनिक गरी बहादुरी देखाउने कार्यप्रति कारवाहीको माग पनि गरिन् ।

बैदिक संस्कृति समाजका अध्यक्ष रामकुमार शास्त्रीको अगुवाईमा निकालिएको ऱ्यालीमा बैरागी बाबा मोतीलाल, बाबा सुबी यादव लगायत सयौं जनाको सहभागिता रहेको थियो ।




## कारको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**

सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं. ३ शम्भुनाथ आयल ट्रेड सेन्टर छेउमा बिहीबार कारको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

पुर्व-पश्चिम राजमार्गमा पश्चिमबाट पूर्वतर्फ जादै गरेको बा.१५च. ९००३ न.को कारले बिपरित दिशाबाट आउदै गरेको स.६प.२१८६ न.को मोटरसाइकललाई ठक्कर दिदा मोटरसाइकल चालक सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ८ निवासी ४६ वर्षिय पुरनधर चौधरीको मृत्यु भएको हो ।

ठक्करबाट घाईते भएका चौधरीलाई उपचारका लागि युनिक अस्पताल रुपनीमा भर्ना गरिएकोमा सोही अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीले कारचालक

*बाँकी दुई पृष्ठमा*

## गुम्बाबाट चोरी भएका सामानसहित राई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**

सप्तरीको अग्निसाईर कृष्णासवरण गाउँपालिकाको नेत्र गुम्बाबाट आइतबार चोरी भएका बुद्धको मूर्ती र अन्य सामाग्रिहरुसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीले चोरी गरेको आरोपमा स्थानीय २२ वर्षिय विशाल राई बुधवार पक्राउ गरेको हो । प्रहरीका अनुसार चोरी भएका सामानहरु रुपनीस्थित कवाडमा बिक्री गरेको अवस्थामा स्थानियहरुले खोजतलास गर्ने क्रममा बरामद गरिएको थियो ।

बरामद भएका सामानहरुमा पितलको धुप देखाउने कुम्भे एक थान, घण्टिको डन्टि १ थान, पितलको बत्ति काछ ८९ वटा गरि जम्मा ९२ वटा बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सो गुम्बाबाट बुद्धको मुर्ती एक थान, करुवा लोटा एक

*बाँकी दुई पृष्ठमा*

## जिल्लाको शान्ति, सुरक्षा र सुशासनलाई चुस्त राख्न प्रतिबद्ध : प्रजिअ थापा




**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**

सप्तरीका नवआगन्तुक प्रमुख जिल्ला अधिकारी किरण थापाले जिल्लाको शान्ति, सुरक्षा र सुशासनलाई चुस्त राख्न प्रतिबद्ध रहेको बताएका छन् ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा शुक्रबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उनले पत्रकार र प्रशासन एकअर्काको परिपुरक रहेको भन्दै सुमधुर सम्बन्ध हुनुपर्ने आवश्यकता रहेको बताए ।

पत्रकार भेटघाट कार्यक्रम बोल्दै प्रजिअ थापाले जिल्लामा शान्ती सुरक्षा तथा सुशासन कायम राख्नका लागि पत्रकारहरुसंग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

प्रशासनबाट हुने कमिकमजोरीलाई पत्रकारहरुले निरन्तर खबरदारी गरेमात्र खराव बाटोमा हिड्नेहरु ठूलो दुर्घटनाबाट जोगिने भन्दै उनले त्यसका लागि प्रशासन र पत्रकार विचको सहकार्यलाई प्रगाढ बनाउनमा कमि हुन नदिने बताए । पत्रकारको सुरक्षामा कमि आउन नदिने बताउदै प्रजिअ थापाले प्रशासन र पत्रकार दुबै पक्षको एक-आपसमा सम्मान व्यवहारले सम्बन्ध विस्तारमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

सप्तरीमा खुल्ला सिमानाका कारण हुने चोरी निकासी, मिटरव्याज पीडितका नाममा हुने चलखेल, अस्पतालमा रहेको बेथिति, सडक दुर्घटना, स्थानीय तहहरुमा भईरहेको भ्रष्टाचारको घटना, विधुत समस्या, खुलेआम अखाद्य बस्तुको बिक्री वितरण, फोहर व्यवस्थापन, सरकारी कार्यालयमा हुने ढिलासुस्ती, कर्मचारी अभाव र विचौलियाको प्रभाव, लागु औषधको बिक्री तथा युवापुस्तामा पारेको प्रभाव, छाडा चौपायाले निम्त्याएको समस्या, सार्वजनिक स्थानहरुमा

*बाँकी दुई पृष्ठमा*

## झाको निधनले काँग्रेस स्तब्ध

**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ गोविन्दपुर निबासी नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधि बाबा एकनाथ झाको ९३ वर्षको उमेरमा निधन भएको छ ।



नेपाली काँग्रेस सप्तरीका सचिव सनत मण्डलद्वारा शुक्रबार जारि विज्ञप्तिमा झाको निधनप्रति परिवारजनमा सम्वेदना व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गरिएको छ ।

सामाजिक अभियन्ता एवं प्रजातन्त्र आन्दोलनका शिखर पुरुषः झा रामेछाप जिल्ला

*बाँकी दुई पृष्ठमा*

**सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### भ्रष्टाचारले मुलुक खोक्रो हुँदै

हाम्रो मुलुक भ्रष्टाचार बढी हुने मुलुकहरुको सूचीमा पर्दछ । कम परिश्रम तथा छिटो धनी बनी हाल्ने सपना बोक्नेहरु प्रायः भ्रष्टाचारको हिलोमा फँस्ने गर्दछन् । सरकारी, गैरसरकारी वा व्यापारिक प्रष्ठिान जुनसुकै क्षेत्रमा पनि अहिले भ्रष्टाचार व्याप्त छ । सरकारको अहिलेको चुनौती भनेकै भ्रष्टाचारलाई न्यून गर्नु हो । भ्रष्टाचार रुपी राक्षसले हाम्रो समाज र मुलुकलाई ओरालोतर्फ लगिरहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहिले दिनहुँ जसो मुलुकमा विभिन्न भागहरुबाट घुस सहित कर्मचारीहरु नियन्त्रणमा लिइरहेको छ । घुस लने र दिने दुवै मुलुकका शत्रु हुन् । कार्वाहीमा परे पनि घुस लिने र दिनेको मनोवलमा भने कमी आउन सकेको छैन । आफ्नो काम छिटो गराउनका लागि सेवाग्राहीहरुले नै घुस दिइरहेका हुन्छन् । भने कतिपय ठाउँमा अनावश्य रुपमा कामलाई कर्मचारीले लम्ब्याएर सेवाग्राहीसँग घुस मागेका हुन्छन् । यस्तो अवस्था आउनु हाम्रो जस्तो सानो मुलुकका लागि चिन्ताको विषय हो । झन अहिले तीन तहको सरकार आए पनि स्थानीय तहमा भ्रष्टाचार झै मौलाएको विभिन्न समाचार माध्यमहरुमा पढ्न हेर्न र सुन्न पाइन्छ । सिंहदरवार गाउँमा आयो भन्ने गरिए पनि धेरै जसो स्थानीय तहका सम्बन्धमा भ्रष्टाचार बढ्यो भन्ने गुनासो नसुनिएका होइनन् । यो भ्रष्टाचार सरकारी निकायमा मात्र होइन, गैरसरकारी र व्यापारिक प्रतिष्ठानहरुमा पनि हुने गरेको छ । यसले मुलुक खोक्रो हुँदै गएको छ ।

भ्रष्टाचार नियन्त्रण गर्न कानून बनाउने र सो कार्यान्वयन गर्ने पक्ष सरकारले गरे पनि यो घट्नुको साटो बढ्दै गएको छ । तसर्थ यसका लागि कानूनको कडा र इमान्दार पालनाका साथै मानवीय मूल्य र मान्यता तथा नैतिक शिक्षाको बोध गराउनु आवश्यक छ ।

# ‘मिसन २०८४’ मा होमियो माओवादी, शनिबारदेखि देशभर रुपान्तरण अभियान

काठमाडौं, १५ भदौ (रासस) ।

सत्ताको नेतृत्व गरेको नेकपा (माओवादी केन्द्र)ले २०८४ सालको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको परिणाम आफ्नो पक्षमा सुनिश्चित गर्ने मुख्य लक्ष्य बनाएर शनिबारदेखि ‘जनतासँग माओवादी’ विशेष रुपान्तरण अभियान सञ्चालन गर्दैछ ।

प्रधानमन्त्री एवं पार्टी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले शनिबार अपराह्न १ बजे काठमाडौंको चन्द्रागिरि नगरपालिका वडा नं २ स्थित भट्टेडाँडाबाट देशभर एकसाथ अभियानको सुरु भएको घोषणा गर्ने कार्यक्रम छ ।

मुलुकमा राजनीतिक परिवर्तन र रुपान्तरणकारी योजनाको नेतृत्व गर्दै आएको देशको प्रमुख शक्तिमध्ये एक माओवादी केन्द्रले यस अभियानमार्फत जनताको ‘मन जितेर मत प्राप्त’ उद्देश्य राखेको छ । गत साउन तेस्रो साता राजधानीमा बसेको माओवादीको केन्द्रीय समितिको चौथो पूर्ण बैठकले पार्टी र सरकारको सन्देश प्रत्येक घरमा पुऱ्याउने उद्देश्यसहित अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो ।

अभियानअन्तर्गत पार्टी अध्यक्ष प्रचण्डले नेतृत्व गरेको सरकारले गरेका भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धनलगायत जनपक्षीय कामको प्रचारप्रसार गरिने, पार्टीभित्रको समस्या तथा अन्तरविरोधको पहिचान गर्ने, माओवादी नेता तथा कार्यकर्ता जनतासँग नपुग्नेलगायत गुनासाको प्रभावकारी समाधान खोजिने माओवादी पार्टी कार्यालयका सचिव डोरप्रसाद उपाध्यायले जानकारी दिनुभयो । “अभियानका क्रममा माओवादी जनताको घरघरमा जानेछ, आसन्न २०८४ सालको निर्वाचनको नतिजालाई प्रभाव पार्ने उद्देश्यसहित अभियान सञ्चालन हुनेछ”, उहाँले भन्नुभयो ।

पार्टी अध्यक्ष प्रचण्डले अभियान शुभारम्भको घोषणा गरेसँगै देशभरका छ हजार सात ४३ वडामा एकसाथ अभियान सञ्चालन गर्नेगरी तयारी गरिएको माओवादीले जनाएको छ । अभियानअन्तर्गत कम्तीमा २५ लाख मतदातासँग प्रत्यक्ष भेट गरी सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायका क्षेत्रमा गरेका कामबारे जानकारी गराइनेछ । पार्टी अध्यक्ष ‘प्रचण्ड’ नेतृत्वको वर्तमान सरकारले भ्रष्टाचार नियन्त्रण, सुशासन कायम तथा सेवा प्रवाहमा जनअपेक्षाअनुसार काम गर्दै आएको पार्टीले जनाएको छ । सरकारले चालेका कदमलाई ठूलो जनसमर्थन प्राप्त भएको सो पार्टीको दाबी छ ।

अभियानका क्रममा नवीकरण र विस्तारका माध्यमबाट पार्टी सदस्यता सङ्ख्या आठ लाख पुऱ्याउने गरी पार्टी र जनवर्गीय सङ्गठन मोर्चाका सबै कमिटीका बैठक सम्पन्न गरी स्वचालित कमिटी तयार पारिने माओवादीले जनाएको छ । माओवादीले अभियान अवधिभर केन्द्रीय पदाधिकारीलाई अन्तरप्रदेश, स्थायी समिति सदस्य र केन्द्रीय सदस्यलाई अन्तरजिल्ला तथा प्रदेश सदस्यलाई अन्तरपालिका खटाउने गरी कार्यक्षेत्र विभाजन गरेको छ । उनीहरूलाई अस्थायी बसोबासस्थलमा समेत कार्यक्षेत्र तोकी पठाइसकिएको छ ।

अभियानका लागि पार्टी केन्द्रीय सदस्य, आयोग सदस्य, सल्लाहकार सदस्यको नेतृत्वमा पार्टी प्रदेश कमिटी सदस्य, जिल्ला समन्वय समिति सदस्य, पालिका पदाधिकारी, केन्द्रीय र प्रदेश विभागका सदस्य, जवस मोर्चाका केन्द्रीय सदस्य र प्रदेश समिति पदाधिकारी सम्मिलित पालिकास्तरको टोली निर्माण गरिएको छ । अभियान टोलीले पालिका, वडा र टोलस्तरसम्म कार्यक्रम सञ्चालन गर्नेछ ।

अभियान तीन चरणमा सञ्चालन हुने बताइएको छ । पहिलो चरणमा बैठक, भेला, प्रशिक्षण, सदस्यता नवीकरण/विस्तार, अभिलेख व्यवस्थापन, उत्पादन र प्रचारसँग सम्बन्धित संयन्त्र तथा योजना निर्माण, विभिन्न तहका पार्टीका कार्यालय व्यवस्थापन, पार्टीभित्रका अन्तरविरोधको पहिचान र समाधानको पहल, कार्यकर्ता व्यवस्थापनका लागि कोष स्थापना गरिनेछ ।

दोस्रो चरणमा पाँचघण्टे अन्तरपार्टी स्कुल, विषयगत अन्तर्क्रिया, विषयगत तालिम, गोष्ठी, जनप्रशिक्षण, जनभेला, टोलटोलमा युवाभेला, स्थानीयस्तरका सरकारी तथा सामाजिक सङ्घ संस्थासँग अन्तर्क्रिया गरिने जनाइएको छ । तेस्रो चरणमा जनप्रदर्शन, जनसङ्घर्ष, जनसेवासहित जनपरिचालनका कार्यक्रम सञ्चालन गरिनेछ । यस्तै सुशासन, समृद्धि र सामाजिक न्यायको अभियानमा जनसमर्थन तथा ऐक्यबद्धता एवं टोलसभा गरिने प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिनुभयो ।

माओवादीले अभियानलाई सफल बनाउन प्रधानमन्त्रीसमेत रहनुभएका पार्टी अध्यक्ष ‘प्रचण्ड’सहित सरकार तथा अन्य जिम्मेवारीमा रहेका सबै पदाधिकारीले कम्तीमा एक/एक वडाको जिम्मेवारी लिनुपर्ने नीति लिएको छ । केन्द्रीय समिति बैठकमा अध्यक्ष दाहालले आफूले सातै प्रदेशका एक/एक गरी सात वडाको अभियानमा सहभागी हुने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

माओवादीले अभियान सञ्चालनका लागि सबै पदाधिकारीको कार्यविभाजन गरी प्रदेश संयोजक तोकेको छ । कोशीमा चक्रपाणि खनाल, मधेशमा लिलामणि पोखरेल, बागमतीमा जनार्दन शर्मा, गण्डकीमा देवेन्द्र पौडेल, लुम्बिनीमा हितमान शाक्य, कर्णालीमा मातृका यादव, सुदूरपश्चिममा डिलाराम आचार्य, सम्पर्क समन्वयमा गिरिराजमणि पोखरेल, उपत्यका विशेषमा वर्षमान पुन र प्रवास प्रदेशमा राम कार्कीलाई संयोजक तोकिएको छ ।

अभियानलाई प्रभावकारी बनाउन शुक्रबारसम्म प्रदेश, जिल्ला, पालिका, वडा बैठकबाट कार्ययोजना निर्माण गरिएको माओवादीले जनाएको छ । आगामी कात्तिकसम्म अभियान चल्नेछ ।

### जिल्लाको ...

भइरहेको चोरीका घटना, हत्या तथा अपराधीक घटनामा भईरहेको वृद्धिले शान्ति सुरक्षामा चुनौती थपेकोले यसलाई नियन्त्रण गर्न पत्रकारहरुलाई अग्रसर हुन सुझाव दिए ।

पछिल्लो समय प्रहरी प्रशासनबाट पत्रकारमाथी कुटपिट, समाचार संकलनमा अवरोध, संविधान तथा मानव अधिकार उल्लंघनका घटनाले सप्तरीका पत्रकारहरु असुरक्षित रहेको भन्दै पत्रकारहरुले प्रजिअ थापाको ध्यानाकर्षण गराएका थिए । पत्रकारहरुले दिएको सुझावलाई गम्भीरतापुर्वक लिएको बताउदै प्रजिअ थापाले क्रमशः कार्यान्वयनमा लैजाने प्रतिबद्धता पनि व्यक्त गरे ।

भेटघाट कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष श्रवण कुमार देव, पुर्व केन्द्रिय सदस्य अबधेश झा, प्रेस स्वतन्त्रता सेनानी एवम शाखा सप्तरीका पुर्व सभापति बैधनाथ झा, पूर्वअध्यक्ष धिरेन्द्र प्रसाद साह, वरिष्ठ पत्रकार एवं प्रेस काउन्सीलका पूर्वसदस्य अनिलकुमार अनल, गणेशलाल देव, प्रेस मञ्चका केन्द्रिय सदस्य चन्दन यादव, प्रेस युनियन सप्तरीका अध्यक्ष विनयलाल कर्ण, प्रेस काउन्सीलाई पूर्वसदस्य पत्रकार देवराम यादव, कृष्णा कुमार मण्डल लगायतकाले जिल्लाको अवस्था, तथा वस्तुस्थिति बारे जानकारी गराएका थिए ।

### कारको ठक्करबाट ...

मोरङको विराटनगर ११ निवासी ४५ वर्षिय छत्र प्रसाद लुईटेललाई कारसहित नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

### गुम्बाबाट...

थान, घण्टी एक थान, स्टिलको कचौरा १० थान, नगद ५ सय ३५, काछको बत्ती १ सय ८, पञ्च बत्ती पाँच थान चोरी भएको थियो ।

सामानहरु बरामद भएको कवडी पसलमा सोधपुछ गर्दा प्रहरी टोलीले उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । राईको घरमा प्रहरीले खान तलासी गर्दा अन्य समानहरु समेत फेला परेकोले बरामद सामानसहित राईलाई नियन्त्रणमा लिईएको जनाइएको छ ।

### झाको...

वि.सं. २०५० सालमा नेपाल सरकार वन कार्यालय सहायक अधिकृत पदबाट अवकाश प्राप्त कर्मचारी थिए ।

२००७ सालको प्रजातन्त्र प्राप्तिको लागि उनले पटकपटक आन्दोलनमा सक्रिय सहभागिता रहेको विज्ञप्तिमा उल्लेख गर्दै कांग्रेसको राजनीतिमा लामो संघर्ष गर्दै गाउँ सभापति हुदै निर्विरोध महाधिवेशन प्रतिनिधि हुनुका साथै सामाजिक क्षेत्रमा समेत सक्रिय सहभागिता रहेको विज्ञप्तिमा जनाइएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# बालसुधार गृहको घटना लापरबाही र उदासिनताका कारण : इन्सेक

काठमाडौं, १५ भदौ (रासस)।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले यही भदौ ३ गते भक्तपुरको बालसुधार गृहमा भएको घटना लापरबाही र उदासिनताका कारण भएको निष्कर्षसहितको अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ।

बालसुधार गृहमा रहेका एक बालकको मृत्यु भएपछि सुधार गृहबाट बालबालिका भागेको तथा प्रहरीसँगको झडपका सम्बन्धमा इन्सेकले स्थलगत अध्ययन गरेको थियो।

अध्ययन प्रतिवेदनमा बालसुधार गृहमा न्यूनतम सुविधा पनि नभएको पाइएको उल्लेख छ। साथै न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप) को लापरवाही र प्रशासनको उदासिनताका कारण उक्त घटना भएको अध्ययनको निष्कर्ष छ।

प्रतिवेदनमा सुधार गृहमा रहेका १८ वर्षे कमल बस्नेतले होस्टल वार्डेनसँग औषधि मागेको र वार्डेनले निको नामको औषधि दिएर पठाएको उल्लेख छ। साथै बस्नेत भदौ ३ गते विहान छ बजेतिर अचेत अवस्थामा फेला परेपछि मध्यपुर थिमी नगरपालिका-३ गट्ठाघरस्थित नागरिक सामुदायिक अस्पतालमा लगिएको प्रतिवेदनमा उल्लेख छ।

ज्वरो र पिलोका कारण बिरामी बस्नेतलाई समयमा नै उपयुक्त उपचारका लागि अस्पताल नलगिएका कारण मृत्यु भएको अध्ययनका क्रममा पाइएको छ। मन्थली नगरपालिका-३, कठजोरका बस्नेतको यही भदौ ३ गते बिहान ६ बजेतिर मृत्यु भएको थियो।

बस्नेतको मृत्यु भएपछि त्यहाँ रहेका अन्य बालबालिका तथा मृतकका आफन्त आन्दोलित भएका थिए। उनीहरूले घटनाको निष्पक्ष छानबिन हुनुपर्ने, दोषीलाई कारबाही गर्नुपर्ने र पीडित पक्षलाई क्षतिपूर्ति दिनुपर्ने भन्दै माग गरेका थिए। सोही क्रममा प्रहरीसँगको झडपपछि सुधार गृहभित्र रहेका दुईसय २१ जना बालबालिका सुधार गृहको पछाडिको ढोका फोडेर बाहिर भागेका थिए।


कारागार व्यवस्थापन विभाग मातहत रहेको र युसेप नेपालको व्यवस्थापनमा मध्यपुरथिमी नगरपालिका-२ सानोठिमीमा सञ्चालित बाल सुधार गृहमा जिल्ला अदालत रामेछापको २०७७ जेठ २९ गतेको आदेशपछि बस्नेत थुनामा थिए।

"बालसुधार गृहका सम्बन्धमा दीर्घकालीन रूपमा बालसुधार गृह व्यवस्थापनमा संलग्नहरूलाई अनुसन्धानको प्रक्रियामा ल्याउन, सुधार गृहभित्रको अन्तरिक व्यवस्थापनमा सुधार गर्न, भदौ ३ र ४ गतेको घटनाको निष्पक्ष र वस्तुनिष्ठ छानबिन गर्न, सुधार गृहमा क्षमताभन्दा बढी बालबालिका नराख्ने व्यवस्था गर्न र १८ वर्षभन्दा बढी उमेर पुगेकाहरूलाई सुधार गृहमा बालबालिकासँग नराख्ने व्यवस्था गर्नु जरुरी देखिएको छ", प्रतिवेदनमा भनिएको छ।

अध्ययन प्रतिवेदनमा बाल सुधार गृहको सञ्चालनको जिम्मा सरकारले नै लिनुपर्ने र सुधार गृहलाई सुधार गृहकै रुपमा विकास गर्न आवश्यक भएको तथा सुधार गृहभित्र कारागारकै जस्तो भित्री सत्ताको अन्त्य गर्ने र बालमैत्री व्यवस्थापनमा जोड दिनु आवश्यक भएको उल्लेख छ।

सुधार गृहभित्र रहेका बालबालिकाको स्वास्थ्य परीक्षणको व्यवस्था नगरेको, मानसिक स्वास्थ्यमा हेरचाह नगरेको, खानपिन, खानेपानीको प्रबन्ध नगरेको र वृत्ति विकासका लागि कुनै पहल नगरेको जनाउँदै भदौ

***बाँकी अन्तिम पृष्ठमा***



राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८०/०८१
च.न. ३११

मिती :– २०८०।०५।१५

विषयः - सुचना सूचना सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.१० हाल १ बस्ने **श्रीमति सोल्टी देबीले** तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८०।०५।१५ गते मा द.न.२८१ को निबेदन दिएको हुदां सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५.दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निबेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

तमसिल

जिल्ला सप्तरी गा.बि.स./न.पा. वा.नं १०हाल १ बस्ने बुधराम राम साहु तेली भन्ने बुध राम साहु तेली यादव नाउ दताका जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ७ | ४४२ | ०-५-० |

२०८०।०५।१५

# विश्व समाचार

## नोबेल पुरस्कारको भोजमा रुस, इरान र बेलारुसलाई पनि निम्तो

स्टकहोम, १५ भदौ (रासस/एपी)।

नोबेल फाउन्डेसनले गत वर्ष नोबेल पुरस्कार भोजमा आमन्त्रण नगरेका रुस, बेलारुस र इरानलाई यो वर्षको भोजमा सहभागी हुन निम्ता गरेको छ। युक्रेन युद्धका कारण गत वर्ष रुस र बेलारुसलाई बोलाइएको थिएन भने इरानको नाजुक मानवअधिकारको स्थितिलाई दृष्टिगत गरी तेहरानलाई पनि भोजमा आमन्त्रित गरिएको थिएन। बेलारुस रुसको प्रमुख सहयोगी होभने उक्त देशका नेता अलेक्ज्याण्डर लुकाशेन्कोले रुसको विशेष सैन्य कारवाहीलाई समर्थन गरेका छन्। तेहरानले लामो समयदेखि आफ्नो मानवअधिकारको अवस्थालाई लिएर अन्तरराष्ट्रिय जगत्‌बाट आलोचनाको सामना गरिरहेको छ। संयुक्त राष्ट्रसङ्घले त्यहाँको सरकारले गत वर्षको विरोध प्रदर्शनमा मानवता विरुद्धको अपराध गरेको हुन सक्ने बताएको छ। प्रत्येक वर्ष स्विडेनको राजधानी स्टकहोममा नोबेल पुरस्कारका छ वटामध्ये पाँच वटा समारोह स्टकहोममा आयोजना हुने गरेका छन्‌भने नोबेल शान्ति पुरस्कार नर्वेको राजधानी ओस्लोमा प्रदान गरिन्छ।

फाउन्डेसनले नोबेल पुरस्कारको मूल्य-मान्यता नमान्नेहरूलाई पनि समावेश गर्न खोजेको जनाएको छ। अध्यागमन विरोधी स्वीडेन डेमोक्रयाटिक पार्टीका नेता जिमी अक्सनलाई पनि यस वर्ष पहिलो पटक आमन्त्रित गरिएको तर उनले आफू त्यहाँ उपस्थित नहुने बताएका छन्। फाउन्डेसनका कार्यकारी निर्देशक विदार हेल्गेसनले विश्वमा विभाजन बढ्दै गएको तथा क्षेत्रहरूमा विभाजित भइरहेको छ, जहाँ फरक विचारधारा भएकाहरूबीच संवाद पनि कम हुँदै गएकाले सबैलाई समेट्ने प्रयास गरिएको बताएका छन्। "यो प्रवृत्तिलाई रोक्न हामीले नोबेल पुरस्कारसँग स्वतन्त्र विज्ञान, स्वतन्त्र संस्कृति र स्वतन्त्र एवं शान्त समाजको महत्वलाई बुझाउन निमन्त्रणाको दायरालाई फराक पारेका छौं," हेल्गेसनले भनेका छन्।

## पूर्वराष्ट्रपति ट्रम्पको अदालती सुनुवाइको प्रत्यक्ष प्रसारण हुने

एटलान्टा, १५ भदौ (रासस/एपी)।

एटलान्टाको फुल्टन काउन्टीका एक न्यायाधीशले पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उहाँसँगै अभियोग लागेका अन्य १८ जनाको अदालती कारवाही टेलिभिजनमा प्रत्यक्ष प्रसारण गरिने बताएका छन्। ट्रायल युट्युबमा लाइभ स्ट्रिम पनि हुने फुल्टन काउन्टी सुपीरियर कोर्टका न्यायाधीश स्कट म्याकफीले घोषणा गरेका छन्। सन् २०२० को राष्ट्रपतीय निर्वाचनमा जर्जिया राज्यमा भएको चुनावी धोखाधडी र आफ्ना प्रतिद्वन्द्वी जो बाइडेनलाई हराउन ट्रम्पसहित १९ जनाले षड्यन्त्र गरेको अभियोगको सुनुवाइ प्रत्यक्ष प्रसारण गर्ने घोषणा भएको हो। बिहीबार दायर गरिएको अदालतको कागजातमा पूर्वराष्ट्रपति ट्रम्पले आरोपहरूको प्रकृति र अदालतमा उपस्थित हुने आफ्नो अधिकारलाई पूर्ण रूपमा बुझेको बताउनुभएको छ। यद्यपि उहाँले आफूख दोषी नभएको दाबी गर्दै आफूविरुद्ध लगाइएका मुद्दा राजनीतिक रूपमा प्रेरित भएको बताउनुभएको छ। गत साता उहाँले फुल्टन काउन्टीको जेलमा आत्मसमर्पण गर्नुभएको थियो।

अर्बपति व्यापारी ट्रम्पलाई गत अप्रिलदेखि चार पटक आपराधिक रूपमा अभियोग लगाइएको छ तर उहाँ आगामी वर्ष हुने राष्ट्रपति निर्वाचनमा भाग लिने दृढ निश्चयका साथ अघि बढ्नुभएको छ। जर्जियामा उहाँमाथि जालसाजी गरेको, सरकारी अधिकारीलाई झुठा बयान दिन अभिप्रेरित गरेकोलगायत चार वटा मुद्दा दायर गरिएको छ। यसअघि पूर्वराष्ट्रपति ट्रम्पमाथि वयस्क चलचित्रकी नायिका स्टोर्मी डेनियलसँगको यौन सम्बन्ध, त्यसलाई सार्वजनिक नगर्न निजलाई भुक्तान गरिएको ठूलो रकम, आफ्नो निजी निवासमा गोप्य सरकारी कागजात राखेको र ती कागतपत्र सरकारलाई फिर्ता गर्न अस्वीकार गरेको तथा संसद् भवनमा समर्थक परिचालन गरेर तोडफोड र आक्रमण गराएको अभियोग लगाइएको छ। सन् २०२० को जनवरी छ तारिखमा अमेरिकी संसद् क्यापिटल हिलमा भएको हुलदङ्गा एवम् आक्रमणमा सात जनाको मृत्यु हुनका साथै संसद, महानगर र स्थानीय सुरक्षा निकायका एक सय ५० जना सुरक्षाकर्मी घाइते भएका थिए। त्यहाँ ट्रम्पले परिचालन गरेको भीडले अन्धाधुन्ध आक्रमण गरेको आरोप छ।

## साउदी अरबमा पूर्वशिक्षकलाई मृत्युदण्ड

रियाद, १५ भदौ (रासस/एएनआई)।

साउदी अरबको एक अदालतले एक जना पूर्वशिक्षकलाई फाँसीको फैसला सुनाएको छ। सामाजिक सञ्जालमा भ्रष्टाचार नियन्त्रणमा सरकार निष्क्रिय रहेको तथा मानवअधिकार उल्लङ्घनका घटनामा प्रतिक्रियाविहीन बनेको टिप्पणी गरेका उनलाई मृत्युदण्डको सजाय सुनाएको अमेरिकी प्रसारण संस्था केबल न्युज नेटवर्क (सिएनएन)ले जनाएको छ। आतङ्कवादीविरुद्ध मुद्दा चलाउन सन् २००८ मा स्थापना गरिएको विशेष फौजदारी अदालतले ५४ वर्षीय पूर्वशिक्षक मोहम्मद अलघामदीलाई गत महिना उक्त फैसला सुनाएको उनका भाइ सइद बिन नासर अलघामदीलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ। बेलायत निर्वासनमा रहेका उनले आफ्नो जीवन पनि साउदीमा सुरक्षित नहुने बताएका छन्। साउदीमा कोही पनि सुरक्षित नभएको सन्देश उक्त फैसलाले दिएको टिप्पणी गर्दै सिएनएनले सामाजिक सञ्जालमा गरिएको सामान्य टिप्पणीलाई लिएर यति भयानक दण्ड सुनाउनु अभिव्यक्ति स्वतन्त्रताविरुद्धको फैसला भएको बताएको छ।

अलघामदीमाथि साउदी नेतृत्वविरुद्ध षड्यन्त्र गरेको, राज्यका संस्थालाई कमजोर पार्ने र आतङ्कवादी विचारधारालाई समर्थन गरेको अभियोग लगाइएको उनका भाइले बताएका छन्। मोहम्मदका भाइ र साउद अरब बाहिर निर्वासनमा रहेका मावनअधिकारकर्मी सइद अलका अनुसार घामदीले सरकारको आलोचना गर्दै जेलमा परेका आस्थाका बन्दी र धार्मिक व्यक्तिहरूको समर्थन गरेका थिए। उनले जम्मा पाँच वटा ट्वीटका लागि ज्यान अर्पण गर्नुपर्ने फैसला आएको मानवअधिकारवादी संस्था ह्युमन राइट्स वाचले बताएको छ। मानव अधिकारकर्मीहरूले अलघामदीविरुद्धको यो निर्णयले साउदीमा सामाजिक सञ्जालमा प्रकाशित आलोचना कति घातक हुन्छ भन्ने प्रष्ट पारेको बताएका छन्।

# विभिन्न विपद्‌को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

# आर्थिक अनियमितता गर्न जनता शंकर माबि नर्घोमा दरबन्दी शिक्षक काटौती गरेको आरोप



**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**

सप्तरीको राजगढ गाउँपालिका नर्घोस्थित जनता शंकर माबि बिधालय व्यबस्थापन समितिले आर्थिक अनियमितता गर्न दरबन्दी शिक्षक कट्टा गर्ने षडयन्त्रण गरिरहेको जग्गा दाताले आरोप लगाएका छन् ।

बिधालयका जग्गा दाता रामचन्द्र यादबले बिधालयमा आर्थिक अनियमितता गर्न बिधालय व्यबस्थापन समितिका अध्यक्ष बिरेन्द्र यादबसहितका केही सदस्यहरू र केही शिक्षकको मिलोमतोमा आफ्नो अनुकुल निमित प्राधानाध्यापक बनाउने र बिधालयमा अनियमित गर्ने षडयन्त्रमा लागेको आरोप लगाएका हुन् ।

राजगढ गाउपालिकाका अध्यक्ष ओमप्रकाश मण्डललाई हुलाकमार्फत दाता परिवार तथा अभिभावकहरूले १ सय ९५ जनाद्वारा हस्ताक्षरित ध्यानाकर्षण पत्रमा बिधालय बयबस्थापन समिति र केही शिक्षकहरू बिधालय शैक्षिक वातावरण बिगार्न लागेको हुदाँ आबश्यक कारवाहीको माग गरेका छन ।

बिधालयलाई ५ बिगाहा १० कट्ठा जग्गा दान गर्ने दाता तथा बिधालय व्यबस्थापन समिति पुर्व अध्यक्ष रामचन्द्र यादबले दरबन्दी अनुसार शिक्षक समेत कम रही थप शिक्षकको आबश्यक रहेको अबस्थामा दरबन्दी कट्टा गर्नु दुरभाग्य रहेको बताए ।

बिधालय व्यबस्थापन समितिका अध्यक्ष बिरेन्द्र यादबले बिधालय जस्तो शैक्षिक क्षेत्रमा बिधालयमा आर्थिक अनियमितता गर्न आफ्नो अनुकुल निमित प्राधानाध्यापक बनाउन र अहिलेको निमित प्राधानाध्यपक रबिन्द्र साहलाई दरबन्दी समेत कट्टा गर्ने गरी अन्यन्त्र सार्ने षडयन्त्रण गरिरहेकोले तत्काल रोक्नका लागि गाउपालिका अध्यक्षलाई ध्यानाकर्षण पत्र बुझाएको जग्गा दाता रामचन्द्र यादबले जानकारी दिए ।

यता उच्च अदालत जनकपुर ईजलास राजबिराजको आदेश अनुसार बिधालयमा २०८० बैशाख २७ गते देखि निमित प्रअ रबिन्द्र कुमार साह (मा.शि.द्बितीय) ले जिम्मेवारी पाए पनि हालसम्म बिधालयको खाता समेत खोल्न बिधालय व्यबस्थापन समितिले आलटाल गरेको कारण बिधालयको गतिबिधि बढन नसकेको जग्गा दाता रामचन्द्र यादबले बताए ।

यता पुर्व निमित प्रअ तथा नेपाल शिक्षक संघ सप्तरीका अध्यक्ष समेत रहेका नारायण यादब (मा.शि.तृतिय) ले बरबुझारत समेत गराउन सहयोग नगरेकोले बिधालय संचालनमा अप्ठयारो भएकोजग्गा दाता रामचन्द्र यादबको आरोप छ ।

तत्कालिन निमित प्रअ नारायण यादबले बिधालयको प्रअको जिम्मेवारी पाएदेखि हालसम्मको कुनै किसिमको हरहिसाव आयव्यय नबुझाएको अभिभावकहरूले आरोप लगाएका छन् ।

ध्यानाकर्षण पत्रमा दरबन्दी अनुसार बिधालयमा शिक्षक कमि रहेको अबस्थामा बिधालय व्यबस्थापन समिति र शिक्षकहरूको मिलोमतोमा बिधालयमा आर्थिक भ्रष्टाचार गरेको र दाताले दिएको जग्गा बेचेकोले सो सम्बन्धमा अख्तियारवाट छानबिनका लागी अनुसन्धान कार्य समेत भईरहेको जग्गा दाता रामचन्द्रले बताए ।

यता बिधालय व्यबस्थापन समितिका अध्यक्ष बिरेन्द्र यादबले दाता परिवार तथा अभिभावकहरूले लगाएको आरोप निराधार रहेको र दरबन्दी कट्टा गर्न कुनै निर्णय नभएको बताउदै बिधालयलाई नमुना बिधालय बनाउनका लागी बिज्ञापन गर्ने प्रकियामा रहेको बताए ।

हुलाक मार्फत बुझाईएको पत्रमा प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा समन्वय समिति सप्तरी, गाउँपालिका शिक्षा समन्वय समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासलाई बोधार्थ पठाएको स्थानिय कृष्णदेव यादबले जानकारी दिए ।

# उदयपुरमा १५ हजार पशुलाई खोप

उदयपुर, १५ भदौ (रासस) ।

उदयपुर जिल्लाको आठ पालिकामा हालसम्ममा १५ हजार पशु चौपायालाई लम्पी स्किन रोगविरुद्धखोप दिइएको छ ।

जिल्ला भेटेरेनरी पशुसेवा कार्यालय उदयपुरका प्रमुख रामनारायण साहका अनुसार जिल्लाका आठ पालिकामा हालसम्म लम्पी स्किनविरुद्ध १५ हजार डोज औषधि १५ हजार पशुलाई लगाइसकिएको र सोमध्ये ९५ प्रतिशत गाईगोरुमा तथा बाँकी पाँच प्रतिश भैँसीमा खोप लगाइएको हो ।

सबैभन्दा बढी खोप जिल्लाको त्रियुगा नगरपालिकाभित्रका पशुलाई लगाइएको पनि जिल्ला भेटेरेनरी तथा पशुसेवा कार्यालय उदयपुरले बताएको छ । अहिलेसम्म जिल्लाको बजेटले औषधि खरिद गरेर जिल्लाभरिका कुल ६० प्रतिशत पशु चौपायालाई लम्पी स्किन रोगविरुद्धको खोप लगाउने कार्य पूरा भएको प्रमुख साहले बताउनुभयो ।

अब ४० प्रतिशत पशु चौपायालाई जिल्लामा खोप लगाउन बाँकी रहेको प्रमुख साहले बताउनुभएको छ । गत चैतदेखि उदयपुरका पशु चौपायामा देखापरेको लम्पी स्किनका कारण हालसम्ममा जिल्लामा करिब पाँच सय ६० पशु चौपाया मरेका छन् भने २० हजारभन्दा बढी सङ्क्रमित भएका उहाँले बताउनुभयो ।

## बालसुधार...

४ गते सुधार गृहका बालबालिका आन्दोलित भएका थिए ।

प्रहरीसँगको झडपका क्रममा नेपाल प्रहरीतर्फ ११ जना र सशस्त्र प्रहरीतर्फ आठ जना गरी १९ जना र १० जना बालक घाइते भए । घाइते बालकमध्ये रबरको गोली लागेका (घाइतेका आफन्तको भनाइअनुसार) एक जनाको अवस्था गम्भीर छ । घाइते बालकको राष्ट्रिय ट्रमा सेन्टरको आइसियूमा उपचार भइरहेको छ । घटनापछि बाहिर निस्केका दुई सय २१ बालकमध्ये चार जना अझै सम्पर्कमा नआएको प्रहरीले जनाएको छ ।


# श्री रामदयाल माध्यमिक विद्यालय

सखुवा कचनदाहा (स्थापना २०१९ साल)
शम्भुनाथ न.पा.–३, सप्तरी
प्रदेश नं. ०२

फो. [illegible]
जि.शि.का. नं. [illegible]
कोड नं. [illegible]

पत्र संख्या – २०८०/०८१
चलानी नम्बर – १३

मिति : २०८०-०५-११

विषय – विज्ञापन प्रकाशन सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई सप्तरीको पत्र संख्या २०८०/०८१ च. नं. १२८ र १२९ एवम् यस विद्यालयको शिक्षक छनौट समितिको मिति २०८०-०५-०७ गते बसेको बैठकको निर्णय अनुसार रिक्त रहेको शिक्षक पदमा शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले तपसिल अनुसारको शैक्षिक योग्यता पुगेका करार सूचिमा रहेका तथा खुल्ला उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त दिनहुन अनुरोध छ ।

तपसिल

विज्ञापन नं. :– ०१/२०८०/०८१
तह – माध्यमिक
पद / श्रेणी – शिक्षक / तृतिय
विषय – नेपाली संख्या – १ (एक)
न्युनतम शैक्षिक योग्यता – मान्यता प्राप्त शिक्षण संस्थाबाट नेपाली मूल विषय लिई स्नातक तह उत्तीर्ण वा सो सरह । माथिलो शैक्षिक योग्यतालाई प्राथमिकता दिइनेछ ।
दरखास्त दस्तुर – रु. २१००/- (दुई हजार एक सय मात्र)
नियुक्तिको किसिम – करार
तलब स्केल – नेपाल सरकारको प्रचलित नियम अनुसार
उमेर – दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको
परीक्षाको किसिम – लिखित र मौखिक

विज्ञापन नं. :– ०२/२०८०/०८१
तह – आधारभूत (नि. मा. वि.)
पद / श्रेणी – राहत शिक्षक / तृतिय
विषय – अंग्रेजी संख्या – १ (एक)
न्युनतम शैक्षिक योग्यता – मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी मूल विषय लिई कम्तिमा १२ कक्षा उत्तीर्ण वा सो सरह । माथिलो शैक्षिक योग्यतालाई प्राथमिकता दिइनेछ ।
दरखास्त दस्तुर – रु. १६००/- (एक हजार छ सय मात्र)
नियुक्तिको किसिम – करार
तलब स्केल – नेपाल सरकारको प्रचलित नियम अनुसार
उमेर – दरखास्त दिने अन्तिम मिति सम्मा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको
परीक्षाको किसिम – लिखित र मौखिक

आवश्यक कागजातहरु :

१ शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपी – २ प्रति (आफुले प्राप्त गरेको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाण पत्र आफैले प्रमाणित गरेको प्रतिलिपी)
२ अध्यापन अनुमति पत्रको प्रतिलिपि – २ प्रति
३ नेपाली नागरिकताको प्रतिलिपी – २ प्रति
४ निरोगिता प्रमाण पत्र
५ हालसालै खिचेको पासपोर्ट साइजको फोटो – ३ प्रति
६ सम्पर्क मिति :– २०८०-०५-२८
७ सम्पर्क नं. : ९८०५९२१८५९, ९८०५९०४१११

पुनश्च : शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवारहरुको दरखास्त पर्न आएमा खुल्ला उम्मेदवारहरुको आवेदन रद्द गरी दस्तुर समेत फिर्ता गरी नियमानुसार करार सूचीमा रहेकालाई नियुक्ति गरिने छ ।

२०८०-०५-११
सदस्य सचिव / प्र. अ.
(उमेशप्रकाश भगत)



# डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

# डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७


# बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np